

# अनिवार्य रूपमा थाहा पाउनु पर्ने आदिवासीका कानूनी अधिकारहरू

## नेपालको प्रचलित कानून सरह लागू हुने अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरू:

नेपालले अनुमोदन तथा सहमति जनाएको (लिखित रूपमा पालना र लागू गर्न प्रतिबद्धता गरेको) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र-२००७ लगायतका अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत (ग्यारेण्टी) गरेका आदिवासीका अधिकारहरू मध्ये केही निम्नप्रकारका छन् ।

१. सरकार (संघ, प्रदेश र स्थानीय) ले वा सरकारका कुनै पनि निकायले आदिवासीसंग सम्बन्धित वा आदिवासीका सरोकार रहने वा आदिवासीलाई प्रभावित पार्ने जुनसुकै प्रकारको कानून, नीति वा कार्यक्रम बनाउँदा आदिवासीका परम्परागत वा प्रतिनिधिमूलक तरिकाले चयन गरेको संस्था वा स्वतन्त्ररूपले चयन गरेको प्रतिनिधि मार्फत सम्बन्धित आदिवासी समुदायको स्वतन्त्र, अग्रीमजानकारी सहितको मञ्जूरी (Free, Prior Informed and Consent-FPIC) लिनु पर्दछ । आदिवासीका थातथलोमा काम गर्ने सरकारी, गैरसरकारी वा कम्पनीहरूले समेत आदिवासीसंग स्वतन्त्र, अग्रीम, जानकारी सहितको मञ्जूरी (FPIC) लिनु पर्दछ

**स्पष्टिकरण:** आफ्नो समुदायको विषयमा ठीक भए 'हुन्छ' वा बेठिक भए 'हुन्न' भन्ने सामुहिक अधिकार नै मञ्जूरी हो । मञ्जूरी दिनु भन्दा अगाडि समुदायले बुझ्ने भाषामा

सबै कुरा खुल्ने (सम्बन्धित विषयले पार्ने राम्रो वा नराम्रो प्रभावको) सूचना समुदायलाई अनिवार्य रूपमा दिनु पर्दछ । परम्परागत संस्था, साझा संस्था वा आदिवासीले चयन गरेको प्रतिनिधिहरू मार्फत मात्र मञ्जूरी लिइनु पर्दछ ।

२. आदिवासीहरूले परापूर्वकाल देखि थातथलोमा भोगी, चर्ची ओगटी आएका भूमि तथा प्राकृतिक स्रोत साधन माथि उनीहरूको कानूनी अधिकार रहन्छ । राज्यले आदिवासीका प्रथाजनित कानून र त्यसमा आधारित मौलिक प्रकारको भूमि प्रशासन तथा परम्परागत न्याँय प्रणालीलाई मान्यता दिनु पर्दछ ।

३. राज्यले न्याँय निरूपणको लागि आदिवासीका प्रथा एवं प्रथाजनित कानून तथा परम्परागत न्यायिक प्रणाली जस्तै घम्प वा तेह्र मुखिया (थकाली), बडघर (थारू), मझीहडम (सन्थाल), तुम्याहाङ प्रणाली (याक्थुङ/लिम्बू), भेजा (मगर), गुथी (नेवाः), चोहो (तामाङ), लिःलक्ष्यप (घले) आदिलाई मान्यता दिनु पर्दछ ।

४. आदिवासीले परम्परागतरूपमा भोगी, चर्ची, ओगटी आएका भूमि तथा भू-क्षेत्रबाट सम्बन्धित समुदायको मञ्जूरी नलिई सरकार वा अन्य कसैले बेदखल गरेको रहेछ भने सम्बन्धित आदिवासी समुदायले त्यस भूमि फिर्ता पाउने कानूनी अधिकार हुन्छ । यदि त्यस्ता प्रकारको भूमि फिर्ता गर्नलाई काबु बाहिरको अवस्था परी फिर्ता गर्न नसकिए, आदिवासीहरूको मञ्जूरीमा समान गुण र मूल्य हुने गरी भूमिको सट्टा भूमि वा त्यसको पर्याप्त न्यायोचित क्षतिपूर्ति दिनु पर्दछ ।

**नोटः** हाल चिपेवा नेशन अमेरिका, सिलकोट नेशन क्यानाडा, मिरियम आदिवासी अष्ट्रेलिया, ओगेक समुदाय केन्या लगायत देशका कतिपय आदिवासीले सयौं वर्ष पश्चात भूमि वा त्यसको क्षतिपूर्ति पाएका उदाहरणहरू छन् । नेपालको याक्थुङ/लिम्बू नेशन र राज्य बीच भएका (सेनकाल, वि. सं. १९३१ मा) सन्धि जस्तै गरिएका सन्धिका आधारमा अमेरिका, अष्ट्रेलिया लगायतका देशका आदिवासीले खोसिएका भूमि फिर्ता पाएकाछन् ।

५. आदिवासीहरूको परापूर्वदेखि भोग चलनमा रहेको, तर दर्ता छुट भएको जमिन, जंगल, चरण तथा जलस्रोत आदिलाई सरकारले आदिवासीहरूको स्वामित्व रहने गरी कानूनी व्यवस्था मिलाउनु पर्दछ ।

६. आत्म-निर्णयको अधिकार, आदिवासीका जन्मसिद्ध, अहरणीय, अविभाज्य, मानव अधिकार हो । यस अधिकारलाई आदिवासीहरूले निःशर्त प्रयोग तथा अभ्यास गर्न पाउँदछन् ।

७. आदिवासी बसोवास गरेका भूमि तथा प्राकृतिक स्रोत साधनहरू (जल, जमीन, जडिबुटी, हिमाल, खानी आदि) मा कुनै किसिमको निर्णय, विकास, प्रयोग तथा

व्यवस्थापन सम्बन्धी काम गर्नु पूर्व सरकार वा सम्बन्धित पक्षले उनीहरूसंग स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जूरी (FPIC) लिएर मात्र त्यस्ता कार्यहरू गर्न पाउछन् ।

८. आदिवासीका परम्परागत तथा प्रतिनिधिमूलक संस्था मार्फत, मौलिक प्रक्रिया बमोजिम निर्णय गर्न पाउने अधिकार हुन्छ । यस्ता संस्थाहरू राजनैतिक संस्थाको रूपमा कानूनी मान्यता प्राप्तहुने भएको हुँदा सरकार वा सम्बन्धित पक्षहरूले ती संस्थाहरू मार्फत आदिवासीहरूसंग सम्बन्धित विषयहरूमा काम गर्नु पर्दछ ।

९. सरकारले आदिवासीका विकास तथा विभिन्न कार्यक्रमका लागि प्रत्येक वर्ष बजेट छुट्याउनु पर्ने र सो बजेट आदिवासीहरूको प्रतिनिधि मूलक जातीय संस्थाको सहभागिता, प्रतिनिधित्व, नियन्त्रण तथा व्यवस्थापनमा कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्दछ ।

१०. आदिवासी अधिकार महिला तथा पुरूषहरूमा बराबर रूपमा लागू हुन्छ । यसको अलावा महिला, बालबालिका, वृद्धवृद्धा, अशक्त आदिको संरक्षण, उत्थान र विकासको लागि राज्यले विशेष उपायहरू अपनाई उनीहरूलाई अन्य सक्षम सरह बनाइनु पर्दछ ।

११. अन्तर्राष्ट्रिय कानून नेपाल कानून सरह लागू हुन्छ । यस संग नेपाल कानून बाझ्न गएमा अन्तर्राष्ट्रिय कानून नै लागू हुन्छ, (दफा ९, नेपाल सन्धि ऐन २०४७) ।

## प्रचलित नेपालका नूनमा भएका आदिवासी सम्बन्धी मुख्य-मुख्य व्यवस्थाहरू

१२. आदिवासी, थारूलगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागीहुने हक हुनेछ (धारा ४२, नेपालको संविधान, २०७२) ।

आदिवासीजनजातिको पहिचान सहित सम्मानपूर्बक बाँच्न पाउने अधिकार हुन्छ । सरकारले अवसर तथा लाभका लागि विशेष व्यवस्था सुनिश्चित गर्नुपर्दछ । यस समुदायसंग सरोकार रहने निर्णयमा सहभागी हुने अधिकार छ । आदिवासीजनजाति र स्थानीय समुदायको परम्परागतज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संबर्धन गर्ने । (धारा ५१ (ञ) (८), नेपालको संविधान २०७२)

१३. जनताको सार्वभौम अधिकार स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरिने (प्रस्तावना १, नेपालको संविधान २०७२) ।

१४. सामाजिक साँस्कृतिक संरक्षण वाआर्थिक विकासका लागि संघीय कानून बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने छ (धारा ५६ (५) नेपालको संविधान २०७२) ।

१५. नेपाल सरकारले सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासको लागि प्रदेश सरकारको परामर्शमा विषेश, संरक्षित र स्वायत्त क्षेत्र कायम गर्न सक्नेछ । यसका लागि कुनै एक वा एक भन्दा बढी जिल्ला, कुनै एक वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिका, वा एक वाएकभन्दा बढी वडा हुन सक्दछ ।

विशेष, संरक्षित र स्वायत्त बनाउने आधार अन्य कुराका अलावा आर्थिक, सामाजिकरूपले पिछडिएको समुदायको बाहुल्य रहेको, अल्पसंख्यक, सीमान्तकृत वा लोपोन्मुख समुदायको बसोवास रहेको, एकै भाषा वा संस्कृति भएको समुदायको सघन बसोवास रहेको हुनु पर्ने । (दफा ९९, स्थानीय सरकार संचालन ऐन, २०७४)

संघी र प्रदेश सरकारले विशेष, संरक्षित र स्वायत्त क्षेत्रको लागि थप बजेटउपलब्ध गराउनु पर्नेछ । (दफा १००, स्थानीय सरकार संचालन ऐन, २०७४)

यस विषयमा श्री सर्वोच्च अदालतबाट भुवान बराम विरूद्ध नेपाल सरकार भएको मुद्दामा बराम आदिवासीको पहिचान संस्कृति जोगाउन र विकास गर्न विशेष, संरक्षित वा स्वायत्त क्षेत्र बनाउन परमादेशको आदेश जारी भएको छ ।

१६. कुनै समुदायले आफ्नो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिने छ । (दफा ३०१,मुलुकी देवानी संहिता, २०७४)

१७. गाउँपालिका र नगरपालिकालाई सार्वजनिक र सामुदायिक सम्पत्तिको अभिलेख व्यवस्थापन गर्ने क्षेत्राधिकार दिएको छ । नापनक्शा गरेर यस्ता सम्पत्तिको लगत राख्न र मालपोत कार्यालयमा पठाउँन सक्छ । (दफा ११ (ड) (४), स्थानीय सरकार संचालन ऐन, २०७४)

१८. आदिवासीलाई प्रदेश स्तरमा मातृभाषामा सरकारी कामकाज गर्न पाउने अधिकार हुन्छ । (धारा ७, नेपालका संबिधान २०७२)

१९. आदिवासीले मातृभाषामा शिक्षाप्राप्त गर्ने तथा मातृभाषामा नै विद्यालय संचालन गर्न पाउने अधिकार हुन्छ । (धारा ३१, नेपालको संविधान, २०७२)

**तयारकर्ता**
अधिवक्ताः शंकर लिम्बू

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)